# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.:०७९/०८०

च.नं.:

मिति : २०७९/०५/८

**बिषयः म्याद थप गरिएको ।**

धनगढी उपमहानगरपालिकाको आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रम अनुसार आ.व. २०७९/८० मा नया तरकारी पकेट विकास कार्यक्रम संचालनको लागि मिति २०७९।५।८ गते १५ दिने सुचना प्रकाशित गरिएकोमा उक्त सुचनाको म्याद भित्र कुनै निबेदन दर्ता नभएकोले १० (दश) दिन म्याद थप गरिएको छ । उक्त कार्यक्रम संचालन गर्न इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्महरुले २०७९ असोज १ गते भित्र देहाय बमोजिमका कागजाँतहरु संलग्न राखी कृषि विकास शाखामा निवेदन दर्ता गराउन हुन सम्वन्धित सबैलाई अनुरोध छ । रित नपुगेको र म्याद नाघी आएका निबेदन माथी कुनै कार्वाही गरिने छैन ।

०७९/५/२४

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

- कार्यक्रम मागको निवेदन
- नागरिकता प्रमाण पत्रको फोटोकपी
- वडा कार्यालयको शिफारिस
- जग्गा धनी प्रमाण पत्रको फोटोकपी/सम्झौता/वडाको शिफारिस (ऐलानी भए)
- कृषक समुह दर्ता प्रमाण पत्रको फोटोकपी
- कृषि सहकारी/ कृषि फर्म दर्ता प्रमाण पत्र, स्थाई लेखा नम्बर, व्यवसाय दर्ता र कर चुक्ताको फोटोकपी
- कृषक समुह/कृषि सहकारीको निर्णय

निबेदन फाराम सम्बन्धित वडा कार्यालय वा धनगढी उपमहानगरपालिका कृषि बिकास शाखाबाट प्राप्त गर्न सकिने छ / थप जानकारीको लागि धनगढी उपमहानगरपालिका कृषि बिकास शाखा वा फोन नम्बर ०९१-५२५०५९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ /